
यहोवाले तिमीहरूका शत्रुलाई हटाउनुभयो तर देशमा अझै मूर्तिपूजा छ। आज तिमीहरूले कसको सेवा गर्ने भनी छान, मानिसहरूका झूटा देवताहरूको, जसको देशमा तिमीहरू बस्छौ वा त अब्राहामका परमेश्वरको। तर म र मेरो परिवारले भने परमप्रभुकै सेवा गर्नेछौं।
परमेश्वरले यस देशमा बास गर्ने एमोरी र अरूलाई यहाँबाट धपाउनुभयो। त्यसकारण हामीहरू पनि परमप्रभुकै सेवा गर्नेछौं किनकि उहाँ परमेश्वर हुनुहुन्छ।
परमेश्वरले हामीलाई परमप्रभुलाई पुज्न छोडेर झूटा देवताहरूलाई पुज्न मनाही गर्नुभएको छ। ठूलो सामर्थ्यले यहोवाले हामीलाई मिश्रबाट छुटाउनुभयो र उजाडस्थानमा हेरविचार गर्नुभयो।
परमेश्वर पवित्र र डाही परमेश्वर हुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यागेर मूर्तिहरूलाई पुज्यौ भने उहाँले तिमीहरूलाई दुःख दिनुहुनेछ र नष्ट पार्नुहुनेछ।
हामी परमप्रभुको सेवा गर्ने प्रतिज्ञा गर्छौं।


तिमीहरूले परमप्रभुलाई पुज्न रोजेको तिमीहरू आफैं साक्षी छौ।
हामी साक्षी छौं।
आज तिमीहरूले परमेश्वरसँग गरेको करार म एउटा पुस्तकमा लेख्नेछु।
हामीले मोशालाई सबै कुरामा आज्ञापालन गरेझैं तपाईंलाई पनि गर्नेछौं, मोशासँग भएझैं परमप्रभु तपाईंका परमेश्वर तपाईंसँग होऊन्। जसले परमेश्वरको आज्ञाको विरुद्ध विद्रोह गर्छ, त्यो मारियोस्।


न्यायकर्ताहरू, जसले परमेश्वरसँग कुरा गर्थे र मोशाका आज्ञाहरू पढ्थे, तिनीहरूले शासन गरे। तिनीहरूले परमेश्वरका आज्ञा मानिसहरूलाई व्याख्या गरे र पालन गर्न सिकाए।
गोरुले कसैलाई हान्यो भने त्यसको बारेमा परमेश्वरको व्यवस्थाले के भन्छ ?
मोशाले भने कि गोरुको मालिक क्षतिको लागि जिम्मेवार हुन्छन् र गोरु मारिनुपर्छ।


दाऊद परमेश्वरको लागि भजन गाउन मन पराउँथे र उनले धेरै भजनहरू लेखे ।
धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन न त पापीहरूको मार्गमा खडा हुन्छ न गिल्ला गर्नेहरूको संगतमा बस्दछ । तर परमप्रभुको व्यवस्थामा नै त्यो प्रशन्न रहन्छ र दिनरात त्यसले उहाँकै व्यवस्था मनन् गर्छ । त्यो खोलाको किनारामा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ अनि जसको पात कहिल्यै ओइलाउँदैन, त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ । तर दुष्टहरू ता त्यस्ता हुँदैनन् । तिनीहरू बतासले उडाएर लैजाने भुसजस्तै हुन्छन् । त्यसकारण दुष्टहरू न्यायको दिनमा टिक्नेछैनन् र पापीहरूले धर्मीहरूको सभामा स्थान पाउनेछैनन् किनकि परमप्रभुले धर्मीहरूको मार्ग जान्नुहुन्छ, तर दुष्टहरू नष्ट हुनेछन् ।


शाऊल मरेपछि दाऊद इस्राएलका राजा भए र मानिसहरूलाई परमेश्वरको आराधना गर्न र आज्ञा मान्न अगुवाइ गरे ।
यस स्त्रीलाई उसको जग्गा देऊ र अब फेरि ऊसँग कर नअसुल ।
दाऊदको राज्यकालमा देशको उन्नति भयो र मानिसहरूले ठीक जीवन बिताए ।

